१) प्रस्ताव नं १ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य सेवाका कर्मचारीहरूक तलव भत्ता रकम नपुग भएकोले हाल स्वास्थ्य को कार्यक्रमका लागि छुट्याइएको रकमबाट तलवभत्ता खुवाउने र तलवभत्ता रकम अएपछि मात्र ती कार्यक्रम संचालन गर्ने । तर अत्यावश्यक कार्यक्रम नरोक्ने । समय लिएर जनप्रतिनिधि कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य युनिटका कर्मचारी सबैजना जनस्वास्थ्य कार्यालय र स्वास्थ्य मन्त्रालयमा ताकेताको लागि जाने ।

२) शिक्षा शाखाबाट पेश भएको कर्मचारी संरचना र शाखा को नाम सम्बन्धमा पेश गरिएको प्रस्ताव स्वीकृत गर्ने ।

३) जनप्रतिनिधि कार्यपालिका सदस्यहरूको समूह बनाएर प्रत्येक वडाका कर्मचारी परिचालन गरेर घरघरमा र टोलटोलमा व्यवसाय दर्ता र नवीकरण दस्तुर संकलन गर्न खटाइ पठाउने ।

४) खानी उद्धोग का सञ्चालक दिपक मल्ललाइ नगरपालिकाको तर्फबाट धुले सडकमा पानी छर्न को लागि अनुरोध गरी पत्राचार गर्ने ।

५) दक्षिणकाली बल्खु सडक खण्डमा रहेका बिजुलीका पोलहरू सारिदिन भनी नेपाल विद्धुत प्राधिकरणमा पत्रमार्फत अनुरोध गर्ने ।

६) वडा नं ६ मा खानेपानी को पाइप खरिद गर्नका लागि रू१०००००। वडा नं ३ को खेलकूद मैदान निर्माणको लागी रू २०००००। रकम छुट्याउने । वडा नं १ चाल्नाखेलमा रहेको साम्दुगाउँ हुँदै खानेपानी ट्याङ्की सम्म जाने मोटरबाटो मा ह्युम पाईपको लागि रु २०००००। रकम छुट्याउने ।

७) १५० मीटर भन्दा कम लम्बाई भएका सडकलाई (cul-de-sac or dead end ) मा वर्गीकृत गर्ने र उक्त सडकमा बाटोको सिमाना बाट ५ फिट छाडी नक्शा पास गर्ने ।